International Research Journal of Parroha
Volume 03, Issue 01, 2024. pp. 63–69
Research Article
https://doi.org/10.61916/prmn.2024.v03i01.007

# गोधूलि संसार निबन्धमा वैचारिकता

**डा. प्रेमप्रसाद तिवारी**
बुटवल बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, रुपन्देही, नेपाल

## Abstract (लेखसार)

प्रस्तुत लेखमा शङ्कर लामिछानेको 'गोधूलि संसार' निबन्धमा सन्निहित वैचारिकताको विश्लेषण गरिएको छ। यस लेखमा गोधूलि संसार निबन्धलाई प्राथमिक स्रोतको सामग्रीका लिइएको छ भने वैचारिकताको सिद्धान्त निर्माणका लागि विविध सन्दर्भ सामग्री उपयोग गरिएको छ। यो लेख निर्माणका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। यस लेखमा मूलतः गोधूलि संसार निबन्धमा प्रकट भएको वैचारिकताका विषयमा अध्ययन गरिएको छ। यस लेखमा मानिसको जीवनमा कर्मविहीनताका कारण नैराश्यको कालो बादल मडारिन पुग्छ र यसैबाट विसङ्गतिबोध हुन पुग्छ भन्ने कुरा निबन्धको वैचारिक पक्ष बनेर आएको छ भन्ने देखाइएको छ। यस लेखमा इतिहासले गरेका गल्ती सुधार्ने इरेजर बनाएर मानिसको व्यक्तित्व रगेडिएको विषय यस निबन्धमा आएको कुरा उल्लेख गरिएको छ। यस लेखमा मानिसको जीवन हुनुपर्ने र भइनँ को गोधूलि अवस्थामा रहेको हुन्छ भन्ने मूल विचार चेतनाप्रवाह शैलीबाट यस निबन्धमा प्रकट भएको छ भन्ने कुरा उल्लेख गरिएको छ। निबन्धमा भौतिक जीवनलाई भन्दा प्राकृतिक जीवनलाई समर्थन गरिएको र आजको मानिस प्राकृतिक गुण गुमाउँदै गएका कारण निकै यान्त्रिक जीवन बिताउन विवश बनेको निष्कर्ष यस लेखमा निकालिएको छ।

शब्दकुञ्जी : जीवन, नैराश्य, विचार, विषय, विसङ्गति

## Article Info.

*Corresponding Author*
**Dr. Prem Prasad Tiwari**

*Email*
tiwari.prem828@gmail.com

*Article History*
Received: 20 August 2024
First Revised: 24 September 2024
Second Revised: 08 October 2024
Accepted: 15 October 2024

*Cite*
Tiwari, P. P. (2024). गोधूलि संसार निबन्धमा वैचारिकता. *International Research Journal of Parroha (IRJP)*, *3*(1), 63–69. https://doi.org/10.5281/zenodo.13993321

## विषय परिचय

शङ्कर लामिछाने (वि.सं. १९८४–२०३२) नेपाली साहित्यका आत्मपरक, निजात्मक शैलीमा निबन्ध रचना गर्ने निबन्धकार हुन्। २००३ सालको 'साहित्यस्रोत' पत्रिकामा 'हाम्रो समाजमा नारीको मूल्य' शीर्षक लेख प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेका लामिछानेका 'एब्स्ट्र्याक्ट चिन्तन प्याज' (२०२४), 'गोधूलि संसार' (२०२८), 'बिम्बप्रतिबिम्ब' (२०२८), निबन्धसङ्ग्रह प्रकाशित भएका छन्। यिनका शङ्कर लामिछाने : शङ्कर लामिछानेका दृष्टिमा (२०३२) आत्मकथात्मक प्रबन्ध र गौँथलीको गुँड (२०२५) जस्ता कथासङ्ग्रहहरू पनि प्रकाशित भएका छन्। निबन्धकार लामिछानेले वैयक्तिक जीवन भोगाइका क्रममा सँगालेका अनुभव, संस्मरण, साहित्य, कला, सङ्गीत, ज्ञानविज्ञान, ज्योतिषशास्त्र, मनोविज्ञान, जीवनजगत् आदिलाई आफ्ना निबन्धमा विषयका रूपमा उपयोग गरेका छन्। यिनी आफूले चयन गरेको विषयको नालीबेली विस्तार नगरी त्यसलाई आफ्ना अनुभव र अनुभूतिका रङमा मुछेर निजात्मक पाराले प्रस्तुत गर्न सिपालु छन्। यिनका रचनामा जीवनका सुखदुःख, हर्षविस्मात्, उतारचढाव आदि विषयका रूपमा आएका हुन्छन्। यिनको लेखन शैली निजात्मक रहेको छ। त्यसैले कुनै पनि विषयलाई आफ्नो ढाँचा वा पारामा व्यक्त गर्ने आत्मपरक शैली निबन्धकार लामिछानेमा बेजोड रहेको छ। यिनी कुनै विषयलाई निजी अनुभूतिका साथ प्रस्तुत गर्ने सामर्थ्य राख्छन्। लामिछानेले आफ्ना विचारको पुष्टिका लागि तर्क र प्रमाणहरू पेस गर्छन् अनि पाठकलाई विषयको गहनताका बारेमा सोच्न बाध्य बनाउँछन्। कुनै विचार वा दृष्टिकोणलाई स्थापित गर्ने चाहना यिनका रचनामा प्रकट भएको हुन्छ। निबन्ध विचार प्रधान रचना हो। यसमा लेखकका निजी धारणा वा विचार मुख्य रूपमा प्रकट भएका हुन्छन्। शङ्कर लामिछानेका


Copyright©2024: Author(s). Published by Parroha Multiple Campus, Rupandehi, Nepal

रचना विचार प्रकटीकरणका दृष्टिले अत्यन्तै सबल रहेका छन् । प्रस्तुत लेखमा शङ्कर लामिछानेको गोधूलि संसार निबन्धमा केकस्तो विचार अभिव्यक्त भएको छ भन्ने जिज्ञासा नै प्राज्ञिक समस्या हो । शङ्कर लामिछानेका निबन्धमा अभिव्यक्त भएको वैचारिकता स्पष्ट पार्नु नै यस लेखको मुख्य उद्देश्य हो । लामिछानेको गोधूलि संसार निबन्धको विश्लेषण अन्य विविध आधारमा गरिएको पाइए पनि वैचारिकता स्पष्ट पार्ने किसिमबाट अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा यो अध्ययन अगाडि बढाइएको हो । शङ्कर लामिछानेको गोधूलि संसार निबन्धका बारेमा जान्न चाहने विद्यार्थी तथा जिज्ञासु पाठकहरू यस लेखको अध्ययनपश्चात् लाभान्वित हुने हुँदा यस अध्ययनको उपादेयता स्पष्ट हुन्छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा शङ्कर लामिछानेको गोधूलि संसार निबन्धमा प्रकट भएको वैचारिकताका बारेमा अध्ययन गरिएको छ । यसका लागि शङ्कर लामिछानेको गोधूलि संसार निबन्धलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा प्रयोग गरिएको छ भने निबन्धमा वैचारिकताको अध्ययनका लागि आवश्यक सिद्धान्त निर्माणका लागि द्वितीयक स्रोत वा सन्दर्भ स्रोतका सामग्री उपयोग गरिएको छ । यस लेखमा पाठ विश्लेषणका आधारमा गोधूलि संसार निबन्धको वैचारिक पक्ष निरूपण गर्ने कार्य गरिएको छ । गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनमा निबन्धको विचार पक्षलाई सैद्धान्तिक ढाँचा बनाएर कृतिपठनका आधारमा सत्यापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

संस्कृत भाषाको 'बन्ध्' धातुमा 'नि' उपसर्ग र घञ् (अ) प्रत्यय लागेर निबन्ध शब्द व्युत्पन्न भएको हुन्छ । यसले 'राम्रोसँग बाँध्नु' भन्ने अर्थ अभिव्यक्त गर्छ । अङ्ग्रेजी भाषामा निबन्धको समानार्थी शब्दका रूपमा एस्से शब्द प्रचलनमा रहेको छ । निबन्ध विधाको विकास पाश्चात्य साहित्य जगत्बाट भएको हो । निबन्धलाई साहित्यिक विधाका रूपमा सोह्रौं शताब्दीबाट उपयोगमा ल्याइएको हो । सोह्रौं शताब्दीमा फ्रान्सका निबन्धकार मिचेल डि मोन्तेनले विश्व साहित्यमा सर्वप्रथम निबन्ध लेख्ने काम गरेका हुन् । निबन्धमा जीवन र जगत्सम्बन्धी लेखकका अनुभव र अनुभूतिलाई विषयवस्तुका रूपमा चयन गरिएको हुन्छ । यसमा सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, धार्मिक, पौराणिक, नैतिक, काल्पनिक, मूर्त, अमूर्त जस्ता क्षेत्रका सन्दर्भलाई विषयवस्तुका रूपमा समेटिएको हुन्छ । निबन्ध रचना गर्नका लागि कुनै पनि विषयलाई सीमाका रूपमा लिइएको हुँदैन । निबन्ध रचनाका लागि लेखकले अत्यन्तै सूक्ष्म विषयदेखि लिएर अत्यन्तै स्थूल विषय उपयोग गर्न सक्छ । त्यसैका आधारमा निबन्धको विषयवस्तुको क्षेत्र असीमित रहेको हुन्छ भन्न सकिन्छ । लेखकले आफूले चयन गरेको विषयवस्तुलाई शृङ्खलाबद्ध रूपमा कलात्मक किसिमबाट प्रस्तुत गर्नुपर्छ ।

निबन्ध सोद्देश्यमूलक साहित्यिक रचना हो । भावकलाई मनोरञ्जन प्रदान गर्नु, समाजमा जनचेतना जगाउनु, राष्ट्रवादी, मानवतावादी, नैतिकतावादी आदि भावनाको प्रस्तुति दिनु निबन्धको मुख्य उद्देश्य रहेको हुन्छ । निबन्धमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय जगत्का विविध क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिको विरोध गरिएको हुन्छ । निबन्धले दार्शनिक चिन्तनको प्रसार गर्नु, कीर्ति कमाउनु, मनको विरेचन गर्नु, मनोवैज्ञानिक यथार्थको प्रस्तुति दिनु तथा जीवनजगत्सम्बन्धी लेखकीय धारणा व्यक्त गर्ने उद्देश्य लिएको हुन्छ । निबन्धमा लेखकीय दृष्टिकोण प्रधान रहेको हुन्छ । निबन्ध एक प्रकारको विचारपूर्ण अनुसन्धान हो, जो स्मित हुदयले व्यक्तिवादी किसिमले प्रस्तुत गरिएको हुन्छ (अर्याल, २०५७, पृ.७९) । यस सन्दर्भमा विचार निबन्धको मुटु वा आत्मा बनेर आएको हुन्छ । निबन्ध रचनाका लागि ग्रहण गरिएको विषयवस्तुसँग सम्बन्धित भई आएको विचारलाई कलापूर्ण, चमत्कारपूर्ण तथा प्रभावपूर्ण तरिकाद्वारा प्रस्तुत गर्नुपर्छ । विचार र दृष्टिलाई तर्कसम्मत र क्रमबद्ध रूपमा रचना गरिने निबन्धमा बाह्य र आन्तरिक सङ्गठन मिलेको हुन्छ । रूपविधानमा बुद्धितत्वको प्रबलाता, विषयअनुरूप भाषाशैलीको प्रयोग, अर्थसङ्गति, विचारशृङ्खला, तात्विक सन्तुलन जस्ता उपकरण विचारप्रधान निबन्धमा समाविष्ट हुन्छन् (थापा, २०३६, पृ.१९०) । यसमा वस्तुपरक तथा आत्मपरक दुवै शैलीको प्रयोग गरिएको हुन्छ ।

कुनै पनि साहित्यिक विधाको संरचना निर्माणका लागि संरचक घटक रहेका हुन्छन् र तिनै संरचक घटकलाई विधातत्व भनिन्छ । निबन्धको संरचना निर्माण गर्नका लागि प्रयोग हुने संरचक घटक नै निबन्धका तत्व हुन् । निबन्धका तत्वमा विषयवस्तु र त्यसको सङ्गठन, मुख्य कथ्य वा विचार, उद्देश्य वा प्रयोजन, भाषाशैली आदि रहेका हुन्छन् । विचारात्मक निबन्धमा गूढगम्भीर, अमूर्त विषयलाई वैयक्तिक छापले डामेर प्रस्तुत गरिन्छ । चिन्तन र विचारको

प्रधानता हुने यस्ता निबन्धमा कला, काव्य, राजनीति, धर्म, दर्शन, इतिहास, विज्ञान, शिक्षा, समाजशास्त्र, मनोविज्ञान जस्ता विचारप्रधान विषयको उपस्थापन हुन्छ (उपाध्याय, २०५९, पृ.१६९)। विचार लेखकको अनुभूति वा दृष्टिकोण हो। विचारको सम्बन्ध मानसिकतासँग रहेको हुन्छ। मानिसमा बाह्य जगत्, समाज र आफैँसँगको अन्तर्क्रियाबाट नै विचार जन्मन्छ । मानिस कल्पनाशील प्राणी भएकाले उसको मानसिकतामा आएका काल्पनिक धारणाले केही परिपक्व अवस्था प्राप्त गरेपछि विचार जन्मन्छ । विचार आत्मिक विषय हो तर बाहिरी जगत्का कुरा पनि विचार जन्माउने उद्दीपकका रूपमा रहेका हुन्छन् । विचार भौतिक सत्ताको प्रतिविम्बन होइन, विचारले बाहिरी वस्तुसँग कुनै प्रकारको सम्बन्ध नै राख्दैन (सांकृत्यायन, सन् २००७, पृ.२३९) । विचारको सत्ता मानसिक हुने भएकाले धेरै विद्वान्का धारणा पनि विचारको सत्ता मानसिक हुने नै रहेको छ। अनुभव नै ज्ञान वा विचारको स्रोत हो (मिश्र, सन् १९९८, पृ.१२३)।

मानिसको मानसिकतामा रहेका परिपक्व धारणा नै विचारका रूपमा परिणत हुन्छन् भने विचारको सर्वस्वीकृत स्वरूप नै सिद्धान्त बनेको हुन्छ । साहित्यका सन्दर्भमा विचारलाई जनाउनका लागि उद्देश्य वा मूल विचार पनि भनिएको हुन्छ । आफ्नो साहित्यिक रचनाका माध्यमबाट अभिव्यक्त गर्न खोजेको मूल आशय, मूल कथ्य, साहित्य सिर्जनाको उद्देश्य नै लेखकीय विचार हुन्। यस्तो लेखकीय विचारको निर्माण परिवार, समाज, शिक्षा, राजनीति, विज्ञान, प्रविधि आदि पक्षबाट हुन्छ (प्रश्रित, २०६६, पृ.३०७) । मानिसले देखेका, भोगेका, अनुभव गरेका, कसैबाट सुनेका, पढेका आदि विषयका आधारमा विचारको धरातल निर्माण हुन्छ। यस्तै यस्तै सन्दर्भ वा अवस्थाले नै मानिसमा विचार जन्माइदिन्छन्। चिन्तन, विचार, तर्क, विमर्श जस्ता सन्दर्भहरू बुद्धितत्वअन्तर्गत रहन्छन् र हृदयको संवेदन, रागात्मकता, ध्वन्यात्मकता जस्ता विषयहरू भावतत्वभित्र पर्छन्। यसैले बुद्धि र हृदय पक्षका सामग्रीहरूको समन्वयमा सुन्दर निबन्धको सिर्जना हुन्छ (शर्मा, २०५५, पृ.२०)।

निबन्धमा मानवीय अनुभूतिको प्रगाढ चेतना प्रकाशन भएको हुन्छ । चेतनाबाट प्रकाशित कुनै दृष्टिकोण नै विचारका रूपमा आएको हुन्छ। मानिसले आफ्नै सामाजिक परिवेशबाट विचार निर्माण गर्छ भने अर्कातिर आदिम कालदेखि सामूहिक रूपमा निर्माण हुँदै आएका अगणित मानवीय अनुभूतिहरूले वर्तमान सामाजिक संरचनालाई निर्देशित गरेका हुन्छन् (गडतौला, २०७०, पृ.३२) । धेरैभन्दा धेरै विचारक तथा विश्लेषकका दृष्टिकोणमा मानव मन नै विचारको मूल स्रोत हो । मानिसको मनमा जन्मिएको विचार नै साहित्यिक कृतिको मूल उद्देश्यका रूपमा आएको हुन्छ । यस लेखमा यही विचार तत्वका आधारमा शङ्कर लामिछानेको 'गोधूलि संसार निबन्धको विश्लेषण गरिएको छ।

## छलफल तथा परिणाम

शङ्कर लामिछानेको गोधूलि संसार निबन्ध गोधूलि संसार (२०२८) निबन्ध सङ्ग्रहमा सङ्कलित वैचारिक निबन्ध हो । मानिसको जीवनसँग सम्बन्धित विविध विसङ्गत पक्षलाई समेटेर यस निबन्धको रचना गरिएको छ । मानिसको जीवन क्रियाशील हुनुपर्ने, मानिसका प्राकृतिक स्वभाव सुरक्षित रहनुपर्ने तथा मानिसको जीवन कसैको स्वार्थका लागि प्रयोग हुन नहुने जस्ता अत्यन्तै सकारात्मक विचार निबन्धमा आएका छन् । यही निबन्धमा अभिव्यक्त वैचारिकताका विषयमा अध्ययन गरी निष्कर्षसम्म पुग्ने कार्य यस लेखमा गरिएको छ :

### गोधूलि संसार निबन्धको मूल विषय

शङ्कर लामिछानेद्वारा लिखित गोधूलि संसारनिबन्धमा मानवीय जीवनको व्याख्या गरिएको छ । प्रारम्भमा नै लेखकले आफ्नो मानसिकतामा आएको उब्जिएको शीर्षकलाई आधार बनाएर निबन्ध रचना गरेको कुरा व्यक्त गरेका छन्। निबन्धको शीर्षक गोधूलि संसार राखिए पनि यसमा सन्ध्या कालीन अवस्थाको चित्रण गरिएको छैन भन्दै लाक्षणिक रूपमा यसको अर्थ अन्वेषण गर्नुपर्ने धारणा व्यक्त गरिएको छ। मानिसले आफ्नो जीवनमा भोगेको पराजय र त्यसबाट जन्मिएको निराशाले निकै दुःख दिने विषय निबन्धको प्रारम्भमा नै आएको छ। आफ्नो जीवनका सबै बाटा बन्द भई घरभित्रै थुनिएर लेखन कार्यमा जुट्नुको पीडा एकातिर रहेको छ भने अर्कातिर केवल मानिसबाहेक अर्को विषय मानसिकतामा आउन नसकेको कुरा लेखक व्यक्त गर्छन्। लामो समयपछि बाहिरी दुनियाँ अवलोकनका लागि निस्किँदा आफ्नै साथीलाई स्पष्टीकरण दिइरहनुपर्ने अवस्था पनि लेखकले भोगेका छन् । लेखकका रूपमा परिचित शङ्कर लामिछानेका लेखरचनाहरू पत्रपत्रिकामा प्रकाशन नहुँदा उनका साथीहरूले किन लेख नलेखेको भन्ने प्रश्न गरिरहँदा निराशाको अनुभूति भएको छ। आफूले चिनेका मानिसले सधैँभरि एकै किसिमबाट सोधिरहने प्रश्नको उत्तर

दिन नसकेका लेखकले लेख लेख्न र प्रकाशन गर्न नसकेको अवस्थाका बारेमा स्पष्टीकरण दिइरहनुपर्ने अवस्था आएको छ । तपाईँले किन लेख लेख्नुभएको छैन भन्ने प्रश्नको उत्तर नै लेखकसँग छैन । जीवनमा निराशाबाहेक अरू कुनै कुरा पाउन नसकेका लेखकले सधैँ एकै प्रकारको जीवन बिताउनुपर्दा आफूमा विसङ्गति बोध हुन पुगेको जनाएका छन् । नयाँ काम गर्न नसकी सधैँ एकै प्रकारको जीवन बिताउनुपर्ने अवस्थामा रोमलिएका लेखकलाई समयको मूल्यबोध पनि हुन सकेको छैन । कालसँग एक एक दिन सापट मागी बाँचिरहेको जीवनमा दिनका ऋण थप्नुबाहेक कुनै उपलब्धिमूलक काम गर्न नसकिएकामा लेखकले चिन्ता व्यक्त गरेका छन् । जीवन र मृत्युको दोसाँधमा चलिरहेको जीवन नै गोधूलि साँझ बन्न पुगेको छ । जीवनको यस्तै अलमलको अवस्था बुझाउनका लागि लेखकले गोधूलि संसारलाई भीमदर्शन रोकाको कविताका पङ्क्तिका आधारमा स्पष्ट पारेका छन् । घाम अस्ताएको तर तारा नउदाउँदैको अवस्थालाई बुझाउनका लागि गोधूलि शब्दको प्रयोग गरिए पनि यस निबन्धमा 'हुनुपर्ने' र 'भइनँ' बिचमा चलेको जीवनलाई नै लेखकले गोधूलिका मानेका छन् ।

शङ्कर लामिछानेले भीमदर्शन रोकाको कविता आफूलाई २०१३ सालतिर निकै सुन्दर र रोमान्टिक जस्तो लागे पनि जीवनका साढे तेह्र वसन्त पार गर्दा कविताको अर्थ नै फरक बन्न पुगेको अनुभव पाठकसमक्ष राखेका छन् । जीवनमा आफूले ठिक मानेका, ठिक भनी भोग गरेका कुरा पनि समयको गतिशीलतासँगै परिवर्तन भइरहेका हुन्छन् र त्यस्तो परिवर्तित अवस्थाका कारण आफू विखण्डित बन्नुपरेको दुःखद अनुभूति निबन्धमा पोखिएको छ । लेखकले आफ्नो अहिले कष्टकर जीवनका तुलनामा जोकरको जीवन बरू उपयुक्त हुने विषय जनाउँदै जोकर भएको भए जीवन सजिलोसँग बित्ने कुरा यस निबन्धमा प्रस्तुत गरेका छन् । भीम पहलमानले चिठी लेख्दा गरेको गल्ती सच्चाउनका लागि बामपुड्केलाई इरेजरका रूपमा प्रयोग गरे जस्तै इतिहासले गरेका गल्ती सच्चाउनका लागि मानिसको प्रयोग गरिने धारणा पनि निबन्धमा व्यक्त भएको छ । मानिस होसमा रहेको अवस्थामा अर्काको 'इरेजर' बन्नुपर्दा दुःख मान्छ तर होस गुमाएको अवस्थामा कसले कहाँ कसरी प्रयोग गऱ्यो भन्ने थाहा पाउँदैन । वास्तवमा यो संसार भनेको सर्कस हो, प्रत्येक मानिस बामपुड्के वा 'इरेजर' हो र पहलवान भनेको इतिहास हो । इतिहासले गरेका गल्ती सच्याउने इरेजर बनेर मानिसले जीवन बिताइरहनुपरेको अहिलेको वास्तविकता हो भन्ने लेखकको विचार रहेको छ । मानिस अरू कसैले आफूलाई इरेजरबनाएर प्रयोग गरेको थाहा पाउँदा निकै दुःखी बन्छ । आफूलाई अरूले आफ्ना गल्ती मेटाउने इरेजरका रूपमा प्रयोग गरेको थाहा पाउँदा हुने पीडा बिर्सनका लागि नै मानिस बेहासमा रमाउने गरेको जीवनको सत्य निबन्धको विषय बनेको छ ।

निबन्धमा लक्ष्मीप्रसाद देवकोटाको 'प्रभुजी मलाई भेडो बनाऊ' भन्ने कविताको प्रसङ्ग दिएर आजको मानिसले सबै जनावरलाई आफ्नो फाइदाका लागि उपयोग गरिसकेको विषय स्पष्ट पारिएको छ । पशु नै बन्नु छ भने मानिसले अधीनमा राख्न नसक्ने चोला माग्नुपर्ने निबन्धकारको विचार रहेको छ । अर्काको अधीनमा बाँच्नुपर्ने जीवनका तुलनामा प्राकृतिक जीवनको महत्त्व नै फरक हुने निबन्धकारको विचार निबन्धमा आएको छ । निबन्धकारले देवकोटाको 'प्रभुजी भेडो बनाऊ' भन्ने कवितालाई आधार बनाएर मानव जगत्‌को वास्तविकता चित्रण गरेका छन् । आजको मानिसमा दया, माया, ममता सबै कुरा हराएर गएकाले मानिसको जीवन त केवल देखावटीमा चलेको छ । मानिसले आफ्नो प्राकृतिक सभ्यतालाई छाडेर यान्त्रिक तथा भौतिकवादी सभ्यतालाई वरण गरिरहेको छ । आफ्नो नियन्त्रणमा लिन सक्ने सबै जीवनलाई मानिस उपयोग गरिसकेको कुरा उल्लेख गर्दै लामिछानेले बरू जङ्गलमै बस्नु उपयुक्त हुने तर मानिसको नियन्त्रणमा बस्न असाध्यै कठिन हुने विषय उठाएका छन् । आफूलाई सृष्टिकर्ताले जोकर बनाइदिएको भए सबै कुरा सहेर बस्न सक्ने तर मान्छे भएकाले चित्त नबुझेका कुरामा प्रतिकार गर्न मन लाग्ने भन्दै आफू अन्यायका विरूद्ध चुप लागेर नबस्ने विषय स्पष्ट पारेका छन् ।

लेखकले आफू जिउँदै इतिहासबाट मेटिनुपर्ने अवस्थामा आइपुगेको हुँदा न यो न त्यो भन्ने गोधूलि संसारमा उभिन पुगेको तथ्य प्रस्तुत गरेका छन् । आजको मानिस प्राकृतिक सन्तुलन बिगार्न लागिरहेको छ । मानिसले दिनप्रतिदिन प्राकृतिक नियममाथि धावा बोलिरहेका कारण प्रकृति पनि असन्तुलित बन्न पुगेको विषय निबन्धमा व्यक्त भएको छ । मानिसले गरेका आविष्कारकै कारणबाट प्राकृतिक सन्तुलन बिग्रिएको उल्लेख गर्दै बरू आफू वनमान्छे हुन चाहेको व्यङ्ग्यात्मक धारणा प्रस्तुत गरेका छन् । वनमान्छेले आफूले गरेका कामको स्पष्टीकरण दिइरहनु नपर्ने तर मानव जीवनमा कुनै काम पनि स्वतन्त्र रूपमा गर्न नपाइने विचार राख्दै प्राकृतिक जीवनमा नै आनन्दको अनुभूति हुने धारणा प्रस्तुत गरेका छन् । मानिसका इन्द्रियहरूलाई गीत सङ्गीतले प्रभावित पारिरहेका हुन्छन् । प्रत्येक चिजका आफ्ना

संवेदनशीलता हुने धारणा पनि निबन्धको विषय बनेको छ। गोधूलि संसारनिबन्धमा मानिसले आफ्नो प्राकृतिक स्वभाव र गुणलाई बिर्सिएर कृत्रिम जीवन बाँचिरहेको छ भन्ने विषय निबन्धमा आएको छ। सबै कुरा प्राकृतिक रूपमा रहे मात्र मानिसको जीवन पनि प्राकृतिक बन्न सक्छ भन्दै प्राकृतिक जीवनको मिठोपनको चर्चा निबन्धमा गरिएको छ। आजको मानिसले हरेक क्षण आफ्नो अस्तित्वलाई दाउमा लगाएर जीवन सञ्चालन गरिरहेको छ। प्रत्येक कुराको दोसाँधमा उभिएर जीवन चलाउनु नै आजको मानिसको आवश्यकता र बाध्यता बनेको भन्ने जस्ता अत्यन्तै जीवन विषयक विषय उपयोग गरी गोधूलि संसार निबन्ध रचना गरिएको छ। बरू आफू अहिले जोकर हुनु र नहुनुले गोधूलि संसारमा रहेको र आफू लेखक वा इन्टरप्रेटर के बनैं भन्ने दोसाँधमा नै जीवन चलाइरहेको विषय निबन्धमा आएको छ।

**गोधूलि संसार निबन्धको वैचारिकता**

निबन्धकार शङ्कर लामिछाने गोधूलि संसार निबन्धमा जीवन विषयक विविध अवधारणा प्रस्तुत भएका छन्। जीवनको विशृङ्खलता र नैराश्य प्रस्तुत गर्नु नै गोधूलि संसार निबन्धको मुख्य वैचारिक सन्दर्भ हो। निराशाले मानिसका आस्था, विश्वास तथा ऊर्जालाई नै समाप्त पारिदिन्छ भन्दै कुनै पनि कारणबाट जन्मने निराशा नै मानिसको अधोगतिको कारण बनेको हुन्छ भन्ने विचार निबन्धको विषयका रूपमा आएको छ। पराजय नै मानिसको जीवनको बर्बादीको कारण हो र कर्महीनता वा कर्मविहीनताले मानिसमा नैराश्य जन्माइदिन्छ। उपलब्धिविहीन दैनिकी निकै पट्यारलाग्दो हुन्छ र अनि यस्तो निष्क्रिय जीवन बाँच्नुभनेकै मृत्युसँग दिनहरू सापट खोजे जस्तै हुन्छ भन्ने कुरालाई आधार बनाउँदै आफूले बिताएका शून्य क्षणका बारेमा अभिमत प्रस्तुत गर्ने कार्य निबन्धकारले यस निबन्धमा गरेका छन्। गोधूलि संसार निबन्धमा कलागत चिन्तन र सौन्दर्यबोधका पक्षलाई सुसङ्गठित रूपमा प्रस्तुत गर्ने काम गरिएको छ (सुवेदी, २०५६, पृ.५२)। मानिस आफ्नै कर्मका कारण निराशामा पुगेको हुन्छ भने अर्कातिर विभिन्न कारणले आफ्नो पहिचान गुमाउने परिस्थितिमा पनि पुगेको हुन्छ भन्दै आफूलाई समाजमा स्थापित गर्नका लागि मानिसले गरेको सङ्घर्ष एकातिर रहन्छ भने अर्कातिर आफूले आर्जन गरेका विश्वासलाई पनि गुमाउँदै जीवन चलाउनुपर्ने अवस्था आएको हुन्छ। निबन्धकारका दृष्टिमा यही दोसाँधको अवस्था नै मानिसको जीवनमा गोधूलिका रूपमा रहेको हुन्छ।

निबन्धकार शङ्कर लामिछानेले गोधूलि संसार निबन्धका माध्यमबाट जीवन निराशा नै निराशाले भरिएको हुन्छ भन्ने विचारलाई स्थापित गर्न चाहेका छन्। मानिसको जीवनमा अनेक प्रकारका पराजय आउँछन् र तीमध्ये नैराश्यको पराजय अत्यन्तै भयावह हुन्छ भन्ने कुरालाई तलको निबन्धांशबाट प्रस्ट्याइएको छ : "पराजयहरू अनेक प्रकारका हुन्छन्, तीमध्ये सबभन्दा बीभत्स हुँदो रहेछ नैराश्यको।" (गोधूलि संसार, पृ.४९) मानिसमा एकातिर आफैँले काम गर्न नसकेको पीडा अत्यन्त गहिरोसँग गडेको हुन्छ भने अर्कातिर समाजका व्यक्तिले त्यही कमजोरीलाई टेकेर अनावश्यक प्रश्न गर्दै नैराश्यलाई मलजल गरिरहेका हुन्छन्। मानिस आफ्नो कर्महीनताबाट जन्मिएको नैराश्यलाई छोप्नका लागि प्रयत्नशील रहेको हुन्छ भने अर्कातर्फ समाजका व्यक्तिले पटक पटक कमजोरीमाथि प्रहार गरिरहेका हुन्छन् भन्ने कुरालाई निबन्धकारले तलको निबन्धांशबाट प्रस्ट्याएका छन् : "कसो, आजकल त लेख देखिन्न नि ? ...प्रश्नकर्ता बेग्लै भए पनि प्रश्न उही भएर होला अघिल्लो पटकको प्रश्न र पछिल्लो पटकको प्रश्नका दुई क्षण एकै क्षण भए जस्तो लाग्छ मलाई।" (गोधूलि संसार, पृ.४९) अर्काको जीवनलाई प्रभाव पार्न खोज्ने मानिसको सङ्ख्या पनि हाम्रो समाजमा अति धेरै नै रहेको छ। मानिसका साना साना कमजोरी खोजेर उसलाई प्रहार गर्ने प्रवृत्तिले समाजमा जरा गाडिसकेको छ। आफूले कुनै काम गर्न नसक्दा लेखकलाई दिउँसो र साँझ एकै प्रकारले ढले जस्तै लाग्छ। जीवनमा यस्तो काम नभएको अवस्था निकै तल्लो स्तर हुने गर्छ भन्ने कुरालाई पुष्टि गर्नका लागि निबन्धमा भनिएको छ : "प्रत्येक दिवसको आरम्भ एकै प्रकारले तथा प्रत्येक सन्ध्याको अवसान एकै प्रकारले हुनु जस्तो यो जीवनको हेय केही छैन।" (गोधूलि संसार, पृ.४९) मानिसलाई सक्रिय बनाउने कामले नै हो र जहिले मानिस कामबाट टाढिएर पर पुग्छ त्यहिलेबाट नै जीवनमा निराशाले छाउँछ भन्दै कर्मशील जीवन नै सबैभन्दा मूल्यवान् हुन्छ भन्ने कुरा निबन्धको विचारका रूपमा प्रकट भएको छ। यही विचारलाई अझ पुष्टि गर्दै निबन्धकार भन्छन् : "मृत्युसँग प्रत्येक दिन सापट मागेको दिन जस्तो, मानौँ बाँचिदिएको दिन एक ऋणको दिन हो जसमा महाकालको चक्रवर्ती ब्याज पल पल बढिरहेछ, पल पल सापटीको अङ्क थपिँदो छ।" (गोधूलि संसार, पृ.५०) कर्म नभएको दिन मानिसका लागि निकै बोझिलो र पट्यारलाग्दो बनिदिन्छ। त्यस्ता

दिन त मृत्युसँग सापटमा लिए जस्ता हुने गर्छन् भन्दै कर्मका पक्षमा आफ्नो धारणा राख्ने काम निबन्धकारले गरेका छन्।

निबन्धकार लामिछानेका दृष्टिमा एउटै विषय पनि समयको गतिशीलता र मानिसको परिस्थितिसँगै परिवर्तन भइरहेको हुन्छ। भीमदर्शन रोकाको कवितालाई दृष्टान्तका रूपमा प्रस्तुत गर्दै साढे तेह्र वर्ष अघिको आफ्नै चिन्तन, विचार र दृष्टिकोणमा परिवर्तन आएको सन्दर्भबाट मानिसको जीवनको गतिशीलतालाई पुष्टि गरिएको छ। इतिहासले गरेको गल्ती सच्याउनका लागि मानिसको व्यक्तित्व प्रयोग भएको हुन्छ भन्ने सन्दर्भलाई तलको निबन्धांशबाट स्पष्ट पारिएको छ : "सर्कस म्यानेजरलाई बामपुड्केले उजुर गर्‍यो रे, भीम पहलवानले जहिले पनि चिठी लेख्दा गल्ती गर्छ र त्यसलाई सच्याउन मलाई इरेजर ठानी कागजमा दलिदिन्छ।" (गोधूलि संसार, पृ.५०) यस निबन्धांशका आधारमा हेर्दा शक्तिशाली व्यक्तिले आफूले गरेका गल्ती मेटाउने साधनका रूपमा कमजोरलाई उपयोग गरिरहेको हुन्छ। हामी कैयौँ शक्ति सम्पन्न मानिसका गल्ती सच्याउने इरेजर बनेर मृत्युसँग दिन सापट माग्दै जीवन चलाउने प्रयास गरिरहेका छौँ भन्ने विचार निबन्धमा प्रकट भएको छ। इतिहास शक्तिशाली मानिसकै बन्छ र इतिहासमा भएका गल्ती सच्याउने इरेजरका रूपमा आम मानिसलाई उपयोग गरिएको हुन्छ भन्ने अत्यन्तै प्रभावकारी विचार निबन्धमा प्रकट भएको छ। मानिस होसमा भएको अवस्थामा कसैको पनि मतियार बन्न चाहन्न र उसलाई अर्काको मतियार बनेकामा अत्यन्तै पीडा बोध पनि भएको हुन्छ। जति वेला मानिसले आफ्नो होस गुमाउँछ अर्थात् मदको अवस्थामा रहन्छ, त्यति वेला उसलाई कसैले आफ्नो जीवनको गल्ती मेटाउने इरेजरका रूपमा प्रयोग गर्दा पनि कुनै दुःख बोध हुँदैन भन्दै आफूलाई मानिसले इरेजर बनाएको सहन नसकेर मदमा रमाउने गरेको जीवन विषयक सत्य निबन्धमा आएको छ।

गोधूलि संसार निबन्धमा निबन्धमा निबन्धकारले सर्कसलाई संसार, आफूलाई बामपुड्के र भीम पहलवानलाई इतिहास मानेका छन्। निबन्धमा हाम्रो दुनियाँमा इतिहासले गरेका कमजोरीलाई मेटाउनका लागि कसैको व्यक्तित्व प्रयोग हुने गरेको विषय पनि आएको छ (सुवेदी र अन्य, २०८०, पृ.२१९)। निबन्धकार आफू जोकर पनि हुन नसकेको र भीम पहलवान पनि बन्न नसकेको भन्दै दुवै अवस्थासँग जोडिन नसकेको परिस्थितिलाई गोधूलि मान्छन्। उत्कृष्ट साहित्य सिर्जनाका माध्यमबाट बनाएको चिनारी जस्तोसुकै पहलवान आए पनि मेट्न सक्दैन भन्ने विचार लेखकको छ। मानिसले सबै जीवजन्तुलाई आफ्नो स्वार्थका लागि उपयोग गरिसकेको छ भन्दै मानिसमा विकास भएको स्वार्थी विचार अनि दिनानुदिन बढ्दै गएको भौतिकतावादी जीवनशैलीप्रति लेखकको असन्तुष्टि रहेको दृष्टिकोण निबन्धमा यसरी अभिव्यक्त भएको छ : "मानिसको वैज्ञानिकीकरणको प्रारम्भ प्रकृतिको सन्तुलन बिगार्नैमा छ। त्यहीँबाट सभ्यता आरम्भ भयो र सभ्यताको समाप्ति पनि त्यहीँ छ।" (गोधूलि संसार, पृ.५१) मानिसकै कारण प्राकृतिक सन्तुलनमा समस्या आउँदा सारा चराचर जगत्को नियमित चक्र नै बिग्रिन पुगेको विषय देखाउँदै प्रकृति विनाशको होडबाजीमा उत्रिएको मानिसलाई संयमित बन्नका लागि आग्रह पनि गरिएको छ। यान्त्रिकताका कारण आजको मानिस बिलखबन्दमा परेको छ। उसले जन्मजातरूपमा प्राप्त गरेका प्राकृतिक गुणहरूसमेत दिनानुदिन गुमाउँदै गएको छ भन्ने कुरालाई तलको निबन्धांशबाट स्पष्ट पारिएको छ : "स्वच्छ मनले घ्वाँघ्वाँ रून सक्नु पनि हामीले बिर्सिसक्यौँ।" (गोधूलि संसार, पृ.५१) भौतिकताको चरम तातोबाट तातेको मानिसले आफ्नो स्वाभाविक गुणलाई सधैँका लागि सुरक्षित गर्न सक्नुपर्छ भन्ने दृष्टिकोण पनि निबन्धमा विचारका रूपमा प्रकट भएको छ।

निबन्धकारले गोधूलि संसार निबन्धमा मानिसले भौतिकता र अर्कालाई उपयोग गर्ने महत्त्वाकाङ्क्षाका कारण प्राकृतिक स्वभाव गुमाएको भए पनि जङ्गली जनावरमा अझै पनि आफ्ना प्राकृतिक गुण सुरक्षित रहेका छन् भन्ने कुरा निबन्धमा स्पष्टरूपमा व्यक्त गरिएको छ। वनका जनावर मात्र स्वतन्त्र छन् तर मानवजगत्मा स्वतन्त्रता पनि हराउँदै गएको छ। मानिसले आफूले गरेका प्रत्येक कुराको स्पष्टीकरण दिइरहनुपर्छ तर जङ्गलमा बस्ने जानवरले आत्मरक्षा मात्र गरे पुग्छ भन्दै सामाजिक जीवनका बाध्यतालाई चिर्ने कार्य निबन्धमा गरिएको छ। जङ्गली जनावरमा प्राकृतिक गुण आजका दिनसम्म सुरक्षित रहे पनि भौतिकताको पछाडि दौडिएको मानिसमा यस्ता सबै गुण हराएकाले प्राकृतिक जीवनको समर्थन यस निबन्धमा गरिएको छ। आजको मानिस हुनुपर्ने र भइनँका बिचमा पिल्सिएर जीवन बिताउन बाध्य भएको छ भन्ने जीवन विषयक सत्य निबन्धमा प्रकट भएको छ। जीवन र जगत्का विसङ्गतिहरूप्रति आवाज उठाएर समग्रमा मानवता, सङ्घर्ष, मन्दविद्रोह, निराशा, द्विविधा, उत्प्रेरणा एवम् लोककल्याणका परोक्ष भावहरू

जगाइएको प्रस्तुत निबन्धको केन्द्रीय पक्ष विचार हो (न्यौपाने, २०२०, पृ.१२५–१३२) । निबन्धकारले आफ्नो जीवनको अवस्थालाई घाम डुबिसकेको तर तारा नउदाउँदाको बिचको अन्धकार युक्त गोधूलिका लिएका छन् । त्यसैले गोधूलि संसार निबन्धमा जीवनका निस्सारता, शून्यता र अँध्यारा पक्षको चित्रण गर्दै मानव जीवनको नैराश्य केलाउने प्रयत्न गरिएको छ।

## निष्कर्ष

शङ्कर लामिछानेद्वारा लिखित गोधूलि संसार मानिसको जीवनको व्याख्या गर्दै रचना गरिएको निबन्ध हो । घाम डुबिसकेको तर रात पनि परिनसकेको अवस्था जनाउनका लागि गोधूलि शब्दको प्रयोग गरिने भए पनि निबन्धमा आएको विषय मानिसको जीवनको अन्तरनिरीक्षणसँग सम्बन्धित रहेको छ। मानिसको जीवनमा कुनै एक पक्ष छुटेको तर अर्को पक्षको सुरूवात भइनसकेको अन्योलग्रस्त अवस्थाबोधक शब्दका रूपमा गोधूलि आएको छ । जीवनलाई चिनाउनका लागि निबन्धमा विभिन्न सन्दर्भ चेतनाप्रवाहका रूपमा आएका छन् । इतिहासले गरेका गल्तीलाई सच्याउने इरेजर बनेर जीवन बिताउनुपर्ने अवस्थामा रहेको वर्तमानकालीन मानिस नैराश्यको चक्रमा फसेको छ । आफ्ना प्राकृतिक अभिलक्षणलाई बिर्सिएर कृत्रिम जीवनमा रमाइरहेको मानिस विभिन्न बाध्यताका जन्जिरले बाँधिएको छ। जङ्गली जनावरमा बरू प्राकृतिक विशेषता छन् तर आजको मानिसले आफ्ना सबै प्राकृतिक स्वभाव हराइसकेको मुख्य विचार निबन्धमा आएको छ । मानिसको जीवनमा अनन्त इच्छाका चाङ थुप्रिरहेका भए पनि थोरै मात्र इच्छा पूरा गर्ने अभिलाषा बोकेर मानिस भौतिकताले तातेको जीवन बिताउने प्रयास गरिरहेको विचार यस निबन्धमा पाइन्छ। मानिसको जीवन हुनुपर्ने र भइनँको गोधूलिबाट अगाडि बढिरहेको हुन्छ। मानिसका अनन्त इच्छा पूरा हुने र नहुने दोसाँधबाट अगाडि बढिरहेका हुन्छन् भन्दै मानिसको जीवनलाई विभिन्न चेतनाप्रवाहबाट प्राप्त सन्दर्भका माध्यमबाट केलाउने काम यस निबन्धमा गरिएको छ।

## सन्दर्भसामग्रीहरू


अर्याल, दुर्गाप्रसाद (२०५७), निबन्धकार देवकोटाका दार्शनिक चिन्तन, काठमाडौँ : उदय बुक्स प्रा. लि.।

उपाध्याय, केशवप्रसाद (२०५९), साहित्य प्रकाश, छैटौँ संस्क., ललितपुर : साझा प्रकाशन।

गडतौला, नारायण (२०७०), देवकोटाका निबन्धमा वैचारिक पक्ष, प्राज्ञिक संसार, वर्ष १, अङ्क ८, पृ. ३१ – ३५।

थापा, मोहनहिमांशु (२०३६), साहित्य परिचय, ललितपुर : साझा प्रकाशन।

न्यौपाने, नेत्रप्रसाद (सन् २०२०), विधातात्विक केन्द्रीयतामा गोधूलि संसार निबन्धको विश्लेषण, *Interdisciplinary Research in Education, 5*(1), 125–132 https://doi.org/10.3126/ire.v5i1&2.34742

प्रश्रित, मोदनाथ (२०६६), देवकोटाका वाङ्मयमा वैचारिक विकास, भृकुटी, पूर्णाङ्क ५, पृ.३०६ –३१२।

मिश्र, सभाजित (सन् १९९८), कांटका दर्शन, लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान।

लामिछाने, शङ्कर (२०५९) गोधूलि संसार, चौ. संस्क., काठमाडौँ : साझा प्रकाशन।

शर्मा, गोपीकृष्ण (२०५५), नेपाली निबन्ध परिचय, नवौँ संस्क., काठमाडौँ : रत्न पुस्तक भण्डार।

सांकृत्यायन, राहुल (सन् २००७), दर्शन दिग्दर्शन, इलाहावाद : किताब महल।

सुवेदी, केशव र अन्य (२०८०), अनिवार्य नेपाली, काठमाडौँ : अस्मिता पब्लिकेसन्स।

सुवेदी, राजेन्द्र (२०५६), स्नातकोत्तर नेपाली निबन्ध, काठमाडौँ : पाठ्यसामग्री पसल।


❖❖❖